आज मिति २०७७ साल पौष ५ गते आईतबार ऐसेलुखर्क गाउँपालिका प्रमुख/अध्यक्ष श्री विश्वनाथ निरौलाको अध्यक्षतामा तपशिलमा उल्लेखित पदाधिकारी, यातायात व्यवसायी, सरोकारवाला व्यक्ति सहितको उपस्थितिमा वैठक वसी निम्नानुसार प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

**प्रस्तावहरु**

१. यातायात, वस, जीप, छुट्ने सयम निर्धारण सम्वन्धमा ।
२. भाडादर निर्धारण सम्बन्धमा ।
३. अन्य सवारी साधन (ढुवानी गर्ने) संचालन सम्बन्धमा ।
४. सडक खुल्ला गर्ने सम्बन्धमा ।
५. रोड प्रमिट सम्बन्धमा ।
६. विविध ।

**निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्कबाट काठमाण्डौ, धरान, विराटनगर लगायतका लामो दुरीमा संचालन हुने सवारी साधन, ऐसेलुखर्क बाट निम्नानुसार समयमा छुट्ने छुटाउने निर्णय गरियो ।

| स्थान | छुट्ने समय |
|---|---|
| ऐसेलुखर्क - काठमाण्डौ | विहान ७:०० बजे भित्र |
| ऐसेलुखर्क - धरान | विहान ७:०० बजे भित्र |

लामो दुरीका सवारी साधन विहान ७:०० बजे देसारेबाट छुटिसक्नु पर्ने छ । उक्त समय पश्चात गाडी नछोडिएमा उक्त गाडी सो दिनको लागी रोक्ने । सो नियन्त्रणको लागी इलाका प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

बाहिरबाट ऐसेलुखर्क प्रवेश गर्ने सवारी साधन बेलुका ७ बजे सम्ममा आईपुग्नु पर्नेछ ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा तपशिलमा उल्लेशित स्थानमा जाने यात्रुहरुलाई निम्नानुसार भाडा लिने निर्णय गरियो ।

**तपशिल**

१. ऐसेलुखर्क - धरानको लागि रु २,०००।-
२. ऐसेलुखर्क - काठमाण्डौ को लागी २,०००।-

यात्रुलाई टिकट अनिवार्य दिनुपर्नेछ । साथै ऐसेलुखर्क-धरानको भाडा वेलीबृज झीके पश्चात पुनरावलोकन गर्न सकिनेछ ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा ऐसेलुखर्क बजार क्षेत्र भित्र प्रवेश गर्ने ढुवानीका साधन, सवारी साधन र निर्माणका सामान ढुवानी गर्ने समेत विहान ९ बजे देखी १० बजे सम्म र बेलुका ३:१५ देखि ४:३० बजे सम्म सवारी साधन संचालनमा पूर्ण रोक लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं.** ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका भित्रका सडकहरुमा खुल्ला राख्ने सबै सरोकारवाला व्यक्तिलाई जानकारी गराउने, सडक खाली नगरेमा प्रहरी परिचालन गरी उक्त सामान हटाउने, गा.पा. ले नियन्त्रणमा लिने लगायतका कार्य गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा ऐसेलुखर्क बजार/गा.पा. क्षेत्रमा प्रवेश गर्ने यात्रु वाहक सवारी साधनलाई गाउपालिकामा दर्ता गरी अनिवार्य रुट प्रमिट लिनुपर्नेछ । उक्त सवारी अनुमति, प्रमिट नलिने सवारी साधनलाई कानुन बमोजिम कारवाही गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.** ६ माथि छलफल गर्दा तोकिएको भन्दा बढी भाडा लिएमा दोब्बर जरीवाना गर्ने र टिकट नदिएमा २०% ले हुन आउने रकम बरावर जरीवाना गर्ने निर्णय गरियो ।